नेपाल सरकार
# विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय
(वातावरण व्यवस्थापन महाशाखा)

मिति: २०७१।०९।२४

पत्र संख्या :
च.नं. : १४५१

विषय: रूदी खोला 'बी' जलविद्युत आयोजना (७.६ मेगावाट) को
**EIA प्रतिवेदन स्वीकृत गरिएको बारे ।**

श्री ऊर्जा मन्त्रालय,
सिंहदरवार ।

तहाँको पत्रका साथ यस मन्त्रालयमा मिति २०७१/०६/३० मा दर्ता भएको उपर्युक्त विषयमा उल्लिखित आयोजनाको EIA प्रतिवेदन तथा प्रस्तावकको मिति २०७१/०९/१७ को पत्र साथ यस मन्त्रालयमा प्राप्त भएको सोही आयोजनाको परिमार्जित तथा अद्यावधिक गरिएको EIA प्रतिवेदनलाई देहाय बमोजिमका शर्तका साथ स्वीकृत गरिएको व्यहोरा नेपाल सरकार (सचिवस्तर) को मिति २०७१/०९/२४ को निर्णयानुसार अनुरोध छ ।

शर्त:

१. Environmental Mionitoring र EMP Implementation का लागि प्रतिवेदनमा उल्लेखित अनुमानित खर्च अपूग भए/पाइए पनि थप खर्चको व्यवस्था गरी प्रस्तावकले ती Monitoring र EMP Implementation का कार्य गर्नुपर्नेछ ।
२. प्रस्ताव कार्यान्वयनका क्रममा देखिन सक्ने थप Environmental Impacts समेतको निराकरण प्रस्तावक स्वयंले आफ्नै खर्चमा गर्नुपर्नेछ ।
३. Project को Monitoring Reports यस मन्त्रालय, वातावरण विभाग, ऊर्जा मन्त्रालय लगायत वन तथा भू-संरक्षण मन्त्रालयमा नियमित रूपमा पठाउनु पर्नेछ ।
४. Dewatered Stretch मा भविष्यमा हुनसक्ने Water Use सम्बन्धी Conflict को समाधान प्रस्तावकले गर्नुपर्नेछ ।
५. EMP Implementation गर्दा ACAP सँगको समन्वय र सहकार्यमा गर्नुपर्नेछ ।
६. आयोजना संचालनमा आएको जानकारी अनिवार्य रूपमा यस मन्त्रालयमा उपलब्ध गराउने व्यवस्था गर्नुपर्नेछ ।
७. आयोजना निर्माण तथा सञ्चालनको क्रममा श्री वन तथा भू-संरक्षण मन्त्रालयवाट दिईएको सहमतिपत्रमा उल्लेखित शर्तहरू पालना गर्नुपर्नेछ ।
८. सार्वजनिक सुनुवाईमा उठेका विषयहरूका सम्बन्धमा आयोजना निर्माण तथा सञ्चालनको क्रममा समस्या उत्पन्न भएमा प्रस्तावक स्वयंले सरोकारवालासँग समन्वय गरी समस्या समाधान गर्नुपर्नेछ ।

(विदुर झा)
इन्जिनियर
(वातावरण मूल्यांकन शाखा)

बोधार्थ:
श्री Bindhyabasini Hydropower Development Company Pvt. Ltd.
नयाँ बानेश्वर, काठमाडौं ।
(स्वीकृत EIA प्रतिवेदनको प्रमाणित प्रति ऊर्जा मन्त्रालयमा तहाँवाट सिधै पठाउने व्यवस्था हुन)


कार्यालयको ठेगाना : सिंहदरबार, काठमाडौं
कार्यालयको टेलिफोन नं. : ४२११७३४, ४२११६४१, ४२११९९६
फ्याक्स नं.: ९७७-१-४२११९५४
इमेल: info@moste.gov.np
वेव साइट: www.moste.gov.np